# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल-५, ललितपुर

## BNS र PCL Nursing अध्ययनका लागि आवेदन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७६/३/१४)**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले शैक्षिक सत्र २०७६/०७७ मा नर्सिङ्ग संकायमा आवेदनको लागि योग्यता पुगेका ईच्छुक नेपाली उम्मेदवारबाट दरखास्त आह्वान गरेको छ । तोकिएको ढाँचामा माग गरिएका कागजातहरु संलग्न गरी दरखास्त पेश गर्नु हुन सम्वन्धित सबैमा सूचित गरिन्छ ।

**आवश्यक न्यूनतम योग्यता :**

**प्रवीणता प्रमाणपत्र तह (PCL Nursing)** कार्यक्रममा आवेदन दिने आवेदकले मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यामिक शिक्षा परीक्षा वा सो सरहको परीक्षामा अंग्रेजी, गणित र विज्ञान बिषय लिई ग्रेडिङ्ग प्रणाली अनुसार उल्लेखित विषयहरुमा न्यूनतम जि.पी.ए. २ तथा न्यूनतम क्युमुलेटिभ जि.पी.ए. २ वा एस.एल.सी. को हकमा कूल पूर्णाङ्कमा न्यूनतम ४५% अङ्क ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**स्नातक तह नर्सिङ्ग विज्ञान (BNS)** कार्यक्रममा आवेदन दिने आवेदकले प्रवीणता प्रमाणपत्र तह नर्सिङ्गमा मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम ५० प्रतिशत अङ्क हासिल गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भई नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका संगठित स्वास्थ्य संस्थामा न्यूनतम एक (१) बर्ष कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

**दरखास्त फाराम लिने मिति :** प्रभु बैङ्क अन्तर्गत काठमाण्डौं उपत्यकाभित्र रहेको कुनै पनि शाखामा ललितपुर नर्सिङ क्याम्पसको नाममा रहेको खाता नं. १३८००१००७२६८४६००००६ मा जम्मा हुने गरी रु ५००/- (अक्षरुपि पाँचसय मात्र) तिरेको भौचर पेश गरेपछि मिति २०७६ असार १८ गते बुधबारदेखि २०७६ श्रावन ०३ गते शुक्रबारसम्म (शनिवार बाहेक) बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म आवेदन फाराम र यस सम्वन्धी सूचना सामग्री प्राप्त गर्न सकिनेछ ।

**दरखास्त फाराम बुझाउने मिति :** तोकिएको आवेदन फारम भरी दस्तुर तिरेको भौचर सहित मिति २०७६ असार १८ गते बुधबारदेखि २०७६ श्रावन ०३ गते शुक्रबारसम्म र विलम्ब शुल्क वापत दोब्बर परीक्षा शुल्क तिरी मिति २०७६ श्रावण ०५ गते आइतबारदेखि श्रावण १० गते शुक्रबारसम्म (शनिबार बाहेक) दैनिक बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेभित्र दरखास्त फाराम बुझाउन सकिनेछ ।

**दरखास्त फाराम लिने र बुझाउने स्थान :** पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुर । सम्पर्क फोन : ०१-५५२६४९० र ०१-५५२१६३४ ।

**प्रवेश परीक्षा मिति र समय : श्रावण १८, २०७६, विहान १० बजे**

**प्रवेश परीक्षा सम्वन्धी विस्तृत जानकारीको लागि प्रतिष्ठानको वेवसाइट www.pahs.edu.np हेर्नु होला ।**